# स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २८/०८२
दर्ता मिति: २०८२/०८/२१

# स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२

प्रस्तावना

लैङ्गिक समानता र महिला सशक्तीकरणको एउटा महत्वपूर्ण तथा शक्तिशाली औजार आर्थिक सशक्तीकरण हो। आर्थिक रुपमा विपन्न महिलालाई उद्यमशीलताको माध्यमबाट स्वरोजगार र रोजगार बनाई आर्थिक रुपमा सम्पन्न, आत्मनिर्भर तथा सम्वृद्धि हासिल गराउने उद्देश्य अनुरुप स्थानीय तहका महिला उद्यमीहरुको सूचनामा पहुँच, सीप तथा सिर्जनाको उपयोग, बजार प्रर्वद्धन, वित्तीय पँहुच, प्रविधिमा सहयोग, टेवा पूँजी लगायतका विषयमा सहजीकरण गर्नका लागि महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "उद्यमशीलता विकास तालिम" भन्नाले उद्यम व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले प्रदान गरिने तालिमलाई जनाउँछ र सो शब्दले IEDI/ILO/CTEVT लगायतका संस्थाहरुको "आफ्नो व्यवसाय सुरु र सुधार गरौ (Generate your business and start your business-GYB/SYB, Formalize Your Business-FYB)" तथा "लघु व्यवसाय सिर्जना तथा विकास" जस्ता तालिमलाई समेत जनाउँछ ।

(ख) "बजारीकरण" भन्नाले लघु, घरेलु तथा साना उद्योगबाट हुने उत्पादन, मूल्यनिर्धारण, प्रवर्द्धन तथा वितरण प्रणालीसँग सम्बन्धित उपभोक्ता केन्द्रित क्रियाकलापलाई सम्झनु पर्छ ।

(ग) "बिक्री केन्द्र/कोसेली घर/सौगात गृह" भन्नाले महिला उद्यमीले सञ्चालन गरेको लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित सामानहरू सङ्कलन गरी बिक्री गर्ने कक्ष/स्थानलाई सम्झनु पर्छ ।

सचिव

(घ) "बजार पहुँच" भन्नाले कुनै वस्तु तथा सेवाको उत्पादनको सामग्री तथा उत्पादित वस्तुको बिक्री वितरण गर्ने भौतिक स्थान तथा विद्युतीय प्रणालीको उपलव्धता सम्झनु पर्छ ।

(ङ) "महिला उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्न सक्ने महिला वा महिला समूहलाई सम्झनु पर्छ ।

(च) "महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र" भन्नाले दफा ५ बमोजिमको महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ज) "लघु उद्यम" भन्नाले घर जग्गा बाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको, उद्यमी स्वंय उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको, उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको, बार्षिक कारोवार एक करोड रुपैयाँभन्दा कम रहेको र इञ्जिन, उपकरण वा मेशिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेशिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको उद्यमलाई सम्झनु पर्छ।

(झ) "लक्षित वर्ग" भन्नाले सीप तथा सिर्जना भएका, उद्यमी बन्ने चाहना राखेका वा उद्यमशीलता विकास तालिम प्राप्त गरी उद्यम स्थापना वा प्रवर्द्धनका लागि सहजीकरण तथा वित्तीय पहुँचको आवश्यकता भएका उद्यमी महिला वा उद्यमी महिला समूहलाई सम्झनु पर्छ ।

(ञ) "वित्तीय पहुँच" भन्नाले महिला उद्यमशीलता विकासको लागि बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्थाका साथै सरकारी,, गैरसरकारी र निजी क्षेत्रले प्रदान गर्ने अनुदान, छुट, सेवा, सहुलियतपूर्ण कर्जा लगायतको आर्थिक स्रोतको उपलव्धतामा पहुँचलाई सम्झनु पर्छ ।

(ट) "विपन्न महिला" भन्नाले कहिल्यै विद्यालय नगएका वा माध्यमिक शिक्षा परीक्षा (Secondary Education Examination-SEE) उत्तीर्ण नगरेका शैक्षिक र आर्थिक रूपमा वञ्चितमा परेका वा आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन खान नपुग्ने परिवारका महिला सम्झनु पर्छ ।

(ठ) "स्थानीय तह" भन्नाले नगरपालिका/गाउँपालिकालाई सम्झनु पर्छ ।

परिच्छेद –२

## उद्देश्य, संरचना, कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

३. **कार्यक्रमको उद्देश्यः** कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उद्यम व्यवसाय सञ्चालन गरेका तथा उद्यम व्यवसाय गर्न चाहने महिलाको ज्ञान, सीप, पुँजी, प्रविधि र क्षमता अभिवृद्धि गर्दै उद्यमशीलताको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तीकरण गरी दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउनु।

(ख) महिला उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न आवश्यक प्राविधिक सहयोग, सरकारी, निजी क्षेत्र तथा वित्तीय संस्थाबाट प्रदान गरिने सेवा तथा सहुलियतको जानकारी एवं पँहुचको लागि सहजीकरण गर्नु ।

४. **कार्यक्रम सञ्चालन हुने स्थानीय तहः** (१) चालु आ.व २०८२/८३ मा मन्त्रालयको वार्षिक कार्यक्रममा स्वीकृत भई वित्तिय हस्तान्तरण भएका अनुसूची १ बमोजिमका १०० स्थानीय तहमा कार्यक्रम सञ्चालन हुनेछ ।आगामी आर्थिक वर्षहरुमा आवश्यकतानुसार थप स्थानीय तहहरुमा कार्यक्रम विस्तार गर्न सकिनेछ ।

(२) उपदफा(१) बमोजिम स्थानीय तहको छनौट गर्दा प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम हुने गरी गर्नुपर्नेछ ।

(३) कार्यक्रम सञ्चालन हुने स्थानीय तह देहाय बमोजिमका आधारमा छनौट गरिनेछः-

(क) औद्योगिक क्रियाकलाप बजार बजारीकरण प्रक्रियामा अग्रसर रहेका स्थानीय तह,

(ख) स्थानीय कच्चा पदार्थको उपलब्धता, उद्यमशीलताको सम्भावना र बजार पहुँच भएका स्थानीय तह,

(ग) कोसेली घर, सौगात गृह, बिक्री केन्द्र सञ्चालनमा रहेका तथा मेला, प्रर्दशनी आयोजना हुने स्थानीय तह,

(घ) महिला उद्यमीको संख्या बढी भएको स्थानीय तह,

(ङ) औद्योगिक कोरिडोर, औद्योगिक ग्राम, औद्योगिक व्यवस्थापन क्षेत्र भएको स्थानीय तह,

(च) बैङ्क तथा वित्तीय संस्थाको पहुँच भएको स्थानीय तह,

(छ) आन्तरिक तथा वाह्य पर्यटकिय, स्थान भएका स्थानीय तह।

५. **महिला उद्यमशीलता विकास सहजीकरण केन्द्रको स्थापना तथा सञ्चालनः** (१) महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन स्थानीय तहमा रहेका महिला सम्बन्धी विषय हेर्ने तोकिएको शाखाबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्र सञ्चालनको लागि दफा ६ मा तोकिएका कार्य गर्न स्थानीय तहले महिलाको विषय हेर्ने शाखाको कर्मचारीलाई उद्यम विकास सहजकर्ताको रुपमा तोक्नु पर्नेछ। निजले उद्योग शाखासँग समन्वय गरी कार्य गर्नसक्नेछ।

(३) महिला उद्यमीलाई उद्यमशीलता विकास तथा उद्यमसँग सम्बन्धित आवश्यक सेवा सुविधाका विषयमा सहजीकरण र प्राविधिक सहयोग गर्न उद्यम विकास सहजकर्ताले मेडपा (**Micro Enterprise Development for Poverty Alleviation (MEDPA)**) कार्यक्रम वा रोजगार केन्द्रमा कार्यरत कर्मचारी सँग समन्वय गरी महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन सम्बन्धी कार्य गर्नुपर्नेछ।

(४) स्थानीय तहमा उद्यमीहरुको छाता संगठन, विभिन्न संघ संस्था तथा विकास साझेदारहरुले केन्द्र स्थापना तथा सञ्चालनका लागि सहयोग तथा साझेदारी उपलब्ध गराउन सक्नेछ ।

(५) महिला उद्यमशीलताको लागि अन्य तह/निकायद्वारा सञ्चालित कार्यक्रमहरु बीच स्टार्टअप, वित्तिय सहायता, प्रशिक्षण र नेटवर्किङ्ग गर्ने।

(६) केन्द्र सञ्चालन र स्वा प्रवाहमा पारदर्शिता सुनिश्चित गर्न डिजिटल प्रणाली अपनाईप्रभावकारी अगमन र रिपोर्टिङको व्यवस्था गर्ने ।

(७) महिला उद्यमीहरुका लागि सहज वित्तीय पहुँच, कर्जा सुविधा तथा बजार पहुँचलाई प्राथमिबता दिएर सहजीकरण गर्ने ।

(८) केन्द्रले स्थानीय स्तरमा कारोबार र उत्पादकत्व वृद्धिका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग समन्वय गरेर कार्यक्रम सञ्चालन गर्ने ।

(९) बजेट कार्यक्रमलाई प्रभावकारी बनाउन जोखिम व्यवस्थापन, गुणस्तर नियन्त्रण रर सामाजिक लाभको मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने ।

६. <u>उद्यम विकास सहजकर्ताको काम, कर्तव्य र अधिकारः</u> महिला उद्यमशीलता विकास सहजीकरण केन्द्रमा तोकिएको उद्यम विकास सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) उद्यम सञ्चालन गर्न आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धता र लाभका आधारमा त्यसको अनुमानित लागत, बजारीकरण, उद्योगका सम्भावनाको पहिचान गरी सो को प्रोफाइल (Profile) तयार गर्ने,

(ख) स्थानीय तहमा लघु, घरेलु, साना तथा मझौला उद्योगद्वारा उत्पादित वस्तुको गुणस्तर निर्धारण (Testing, Labelling, Packaging, Branding, pricing, Certification, Accreditation) र मान्यता सम्बन्धी आवश्यक सहजीकरण गर्ने,

(ग) व्यवसायिक सीप र क्षमता भएका महिला उद्यमी, महिला उद्यमी समूह, महिला संस्था वा सहकारीलाई व्यवसायिक योजना तयार गर्न र सोको आधारमा उद्यम/व्यवसाय स्थापनाका लागि सहजीकरण गर्ने,

(घ) तीनै तहका सरकार, बैङ्क तथा वित्तीय संस्था र अन्य निकायहरूबाट महिला उद्यमीका लागि भएका छुट सुविधा, सहुलियतपूर्ण ऋण, कर छुट, टेवा पूँजी/विउपूँजी लगायत प्राविधिक सहयोग सम्बन्धी अनुसूची-२ बमोजिमको ढाँचामा सूचना सङ्कलन गर्ने,

(ड) उद्यम बन्न इच्छुक तथा उद्यमी महिलाका लागि उद्यमशीलता विकास सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्ने,

(च) कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहको उद्योग हेर्ने सम्बन्धित शाखासँग, प्रदेश अन्तर्गतका घरेलु तथा साना उद्योग कार्यालय/विकास समितिसँग उद्यम सञ्चालन गर्न इच्छुक महिलालाई रोजगारी, स्वरोजगारी सृजनाका लागि उद्यमशीलता तथा सीप विकास तालिममा सहभागी गराउनका लागि सम्पर्क र समन्वय गर्ने,

(छ) स्थानीय तहमा महिला उद्यमीबाट उत्पादित वस्तुहरुको प्रोफाइल तयार गरी निजी क्षेत्रका छाता संगठन सहितको सहकार्यमा उत्पादित उत्पादनलाई उपलव्ध भएसम्म सार्वजनिक निकायले प्रयोग गर्ने गरी आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ज) महिला उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरणका लागि निजी क्षेत्रसँग समन्वय गरी स्थानीय स्तरमा कोशेली घर/सौगातगृह/बिक्री केन्द्र स्थापना गर्न सहयोग गर्ने साथै प्रर्दशनी/मेला आयोजना गर्न समन्वय र सहजीकरण गर्ने,

(झ) स्थानीय तहमा तालिम प्राप्त गरी उद्यम सञ्चालन गरेका क्रियाशील महिला उद्यमीको खण्डीकृत तथ्याङ्क अद्यावधिक गरी सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) पोर्टलमा समावेश गर्न सहजीकरण गर्ने ।

(ञ) महिला उद्यमीलाई उद्योग दर्ता गर्न र छाता संगठनमा आवद्ध गराउन सहजीकरण गर्ने,

(ट) महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी, संस्था, मेडपा मार्फत स्थानीय तहमा रहेका प्रशिक्षक र महिला उद्यमीहरुको रोष्टर तयार गरी आवश्यकता अनुसार प्रशिक्षकको परिचालन गर्ने सहजीकरण गर्ने।

(ठ) उद्यमी बन्न इच्छुक महिलालाई माग र आवश्यकताको आधारमा उद्यमशीलता विकास सम्बन्धी अभिमूखीकरण तालिम प्रदान गर्न, व्यवसाय स्थापना र सञ्चालन गर्न, व्यवसायिक परामर्श र बजारीकरणका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ड) स्थानीय तहमा उद्यमशीलता विकास सम्बन्धी नीतिगत सुधारका लागि निरन्तर पैरवी गर्दै सहजीकरण केन्द्र सञ्चालनका लागि प्रमुख जिम्मेवार व्यक्तिको रुपमा भूमिका निर्वाह गर्ने ।

(ढ) महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र मार्फत भएका अनुसूची-२ बमोजिमको तथ्याङ्क सङ्कलन तथा अनुसूच-३ बमोजिमको अभिमूखीकरण तालिम लिएका उद्यमी महिलाको विवरणलाई एकीकृत गरी त्रैमासिक तथा वार्षिक रुपमा मन्त्रालयमा समेत पठाउने ।

७. <u>महिला उद्यमशिलता विकास सहजीकरण केन्द्र कार्यान्वयन समितिः</u> (१) स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछः-

(क) स्थानीय तह उपप्रमुख/उपाध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) प्रमुख, उद्योगसँग सम्बन्धित शाखा -सदस्य

(घ) अध्यक्ष वा प्रमुख, स्थानीय तहमा तोकिएको लघु, घरेलु तथा साना उद्योगहरुको छाता संगठन -सदस्य

(ङ) प्रमुख, आर्थिक प्रशासन/लेखा शाखा - सदस्य

(च) तोकिएका उद्यम विकास सहजकर्ता - सदस्य

(छ) प्रमुख, स्थानीय तहको महिला विषय हेर्ने शाखा/तोकिएका कर्मचारी -सदस्य सचिव

८. <u>महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः</u> महिला उद्यमशीलता विकास सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन र उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक मार्गदर्शन गर्ने,

(ख) स्थानीय तहमा प्राप्त कच्चा पदार्थको उपलब्धताको आधारमा महिला उद्यम विकास सम्वन्धी स्थानीय नीति, योजना तथा कार्यक्रम तयार गरी स्थानीय तहमा स्वीकृतिका लागि पेश गर्ने,

(ग) लक्षित वर्गको रुचि र मागमा आधारित सीप विकास तालिम सञ्चालन तथा सीप परीक्षण गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वा नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थासँग समन्वय गरी तहाँ संस्थाबाट सञ्चालन गरिने तालिममा महिला उद्यमीलाई सहभागी गराउने व्यवस्था मिलाउने,

(घ) उद्यमशीलता विकास सम्वन्धी स्थानीय तहमा कार्य गर्न स्वीकृति लिएका विकास साझेदार/संस्थाहरु (जस्तै- ILO, UNDP, IEDI/लघु, घरेलु तथा प्रवर्धन केन्द्र) र स्थानीय तह स्वयंमले उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरेको/गर्ने (मेला, प्रदर्शनी, तालिम, रोजगार सिर्जना आदि) मा समेत महिला उद्यमशीलता सहजीकरण केन्द्रलाई आवद्ध गराउने,

(ङ) कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन गर्ने।

९. <u>महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र कार्यान्वयन समितिको बैठकः</u> समितिको बैठक सञ्चालन देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक वार्षिक रुपमा दुई पटक र आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नुपर्नेछ ।

(ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थित सदस्यमध्ये वरिष्ठ सदस्यले गर्न सक्नेछ ।

(ग) बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालनमा मन्त्रालय भूमिका:</u> उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालनमा मन्त्रालय भूमिका देहाय बमोजिम हुनेछ ।

(क) उद्यमशीलता विकासका लागि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार/संशोधन गर्ने,

(ख) वित्तिय हस्तान्तरण मार्फत बजेट व्यवस्था गरी महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र स्थापना तथा सञ्चालनः गर्न आवश्यक समन्वय र निर्देशन दिने,

(ग) सहजीकरण केन्द्र उद्देश्य अनुरुप स्थापना तथा सञ्चालन भए/नभएको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन, निरीक्षण तथा मुल्यांकन गर्ने,

(घ) उद्यमशीलता विकास तालिम, सीप विकास तालिम, सीप अभिवृद्धि र जीवन उपयोगी सीप र सशक्तीकरण र उद्यमशील नेतृत्व विकास सम्बन्धी नीतिगत, कार्यक्रमगत व्यवस्था गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) सहजीकरण केन्द्र प्रभावकारी रुपमा सञ्चालन गर्न प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने ।

११. <u>उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालनमा स्थानीय तहको भूमिका:</u> उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालनमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) सहजीकरण केन्द्र स्थापना तथा सञ्चालनका लागि उद्यम विकास सहजकर्ता तोक्ने र कार्यान्वियन समितिको बैठकलाई आवश्यक सहजीकरण गर्ने,

(ख) महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन गर्न स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा समावेश गर्ने, आवश्यकतानुसार लागत साझेदारी र श्रोत साधनको समेत व्यवस्था गर्ने

(ग) महिला उद्यशीलता विकास सहजीकरण केन्द्रलाई दीर्घकालिन रूपमा संस्थागत गर्दै लैजाने,

(घ) स्थानीय तहमा भएका उद्यमी महिलाहरु तथा कार्यक्रमबाट लाभान्वित उद्यमी महिलाहरुको तथ्याङ्क समेत संलग्न गरी प्रगति प्रतिवेदन मन्त्रालयको ईमेल (pup.mowcsc@gmail.com) ठेगानामा पठाउने ।

## परिच्छेद -३

## <u>केन्द्र सञ्चालन खर्च तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था</u>

१२. <u>अनुदान निकासा प्रक्रिया:</u> सहजीकरण केन्द्र सञ्चालनका लागि नेपाल सरकारबाट विनियोजन भएको रकम यसै कार्यविधि बमोजिम खर्च गर्ने गरी स्थानीय तहलाई सशर्त अनुदानको रुपमा अनुसूची-४

बमोजिमको रकम उपलब्ध हुनेछ। स्थानीय तहले केन्द्र सञ्चालन गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकामा तोकिएको मापदण्ड भन्दा बढी नहुने गरी खर्च गर्नुपर्नेछ। तर कार्यविधि बमोजिम स्थानीय तहले विकास साझेदार र संघ संस्थाको साझेदारीमा समेत केन्द्र सञ्चालन गर्न सक्नेछ।

१३. **खर्च, लेखापरीक्षण र प्रतिवेदनः** स्थानीय तहले केन्द्र स्थापना र सञ्चालन खर्च अनुसूची-४ बमोजिम गर्नुपर्नेछ। केन्द्र स्थापना तथा सञ्चालन पश्चात प्रचलित कानून बमोजिम लेखा परिक्षण गरी सो को प्रतिवेदन तोकिएको ढाँचामा मन्त्रालयको इमेल pup.mowcsc@gmail.com मा पठाउनु पर्नेछ।

## परिच्छेद -४

## समन्वय, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन

१४. **समन्वय, अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) सङ्घ, प्रदेश, स्थानीय तह र अन्य सरोकारवाला निकायसँगको समन्वय र साझेदारीमा सहजीकरण केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) महिला उद्यमशीलता विकास सहजीकरण केन्द्रको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन सम्वन्धित स्थानीय तह तथा आवश्यकता अनुसार मन्त्रालयबाट गर्नसक्नेछ ।

(३) स्थानीय तहले सहजीकरण केन्द्र सञ्चालन पश्चातको प्रगति प्रतिवेदन त्रैमासिक तथा वार्षिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

सचिव

अनूसूची– १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

महिला उद्यमशिलता विकास सहजीकरण केन्द्र संचालनका लागि स्वीकृत १०० वटा स्थानीय तहको नामावली

| क्र.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| कोशी प्रदेश | | |
| १. | दमक नगरपालिका | झापा |
| २. | भद्रपुर नगरपालिका | झापा |
| ३. | धर्मदेवी नगरपालिका | सङखुवासभा |
| ४. | उर्लाबारी नगरपालिका | मोरङ |
| ५. | आठराई त्रिवेणी गाउँपालिका | ताप्लेजुङ |
| ६. | मिक्लाजुङ गाउँपालिका | पाँचथर |
| ७. | चुलाचुली गाउँपालिका | इलाम |
| ८. | गौरीगंज गाउँपालिका | झापा |
| ९. | छथर गाउँपालिका | तेह्रथुम |
| १०. | हतुवागढी गाउँपालिका | भोजपुर |
| ११. | शहिदभूमि गाउँपालिका | धनुकुटा |
| १२. | कोशी गाउँपालिका | सुनसरी |
| १३. | बर्जु गाउँपालिका | सुनसरी |
| १४. | जहदा गाउँपालिका | मोरङ |
| १५. | धनपालथान गाउँपालिका | मोरङ |
| १६. | लिखुपिके गाउँपालिका | सोलुखुम्बु |
| १७. | जन्तेढुंगा गाउँपालिका | खोटाङ |
| १८. | ताप्ली गाउँपालिका | उदयपुर |
| १९. | रौतामाई गाउँपालिका | उदयपुर |
| २०. | चम्पादेवी गाउँपालिका | ओखलढुंगा |
| मधेश प्रदेश | | |
| २१. | राजविराज नगरपालिका | सप्तरी |
| २२. | हनुमाननगर कंकालिनी नगरपालिका | सप्तरी |
| २३. | विदेह नगरपालिका | धनुषा |
| २४. | बागमती नगरपालिका | सर्लाही |
| २५. | हरिपुर नगरपालिका | सर्लाही |
| २६. | राजपुर नगरपालिका | रौतहट |
| २७. | पोखरिया नगरपालिका | पर्सा |
| २८. | तिरहुत गाउंपालिका | सप्तरी |
| २९. | महादेवा गाउँपालिका | सप्तरी |
| ३०. | औरही गाउँपालिका | सिराहा |
| ३१. | लक्ष्मीपुर पतारी गाउँपालिका | सिराहा |
| ३२. | पिपरा गाउँपालिका | महोत्तरी |
| ३३. | सोनमा गाउँपालिका | महोत्तरी |
| ३४. | देवताल गाउँपालिका | बारा |



सचिव

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ३५. | धनौजी गाउँपालिका | धनुषा |
| बागमती प्रदेश | | |
| ३६. | दुधौली नगरपालिका | सिन्धुली |
| ३७. | बेलकोटगढी नगरपालिका | नुवाकोट |
| ३८. | बुढानिलकण्ठ नगरपालिका | काठमाडौं |
| ३९. | भक्तपुर नगरपालिका | भक्तपुर |
| ४०. | नमोबुद्ध नगरपालिका | काभ्रेपलान्चोक |
| ४१. | खैरहनी नगरपालिका | चितवन |
| ४२. | उमाकुण्ड गाउँपालिका | रामेछाप |
| ४३. | तामाकोशी गाउँपालिका | दोलखा |
| ४४. | ईन्द्रावती गाउँपालिका | सिन्धुपाल्चोक |
| ४५. | हेलम्बु गाउँपालिका | सिन्धुपाल्चोक |
| ४६. | रुवी भ्याली गाउँपालिका | धादिङ |
| ४७. | तारकेश्वर गाउँपालिका | नुवाकोट |
| ४८. | बाग्मती गाउँपालिका | ललितपुर |
| ४९. | भिमफेदी गाउँपालिका | मकवानपुर |
| गण्डकी प्रदेश | | |
| ५०. | मध्यविन्दु नगरपालिका | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) |
| ५१. | गल्याङ नगरपालिका | स्याङजा |
| ५२. | चापाकोट नगरपालिका | स्याङजा |
| ५३. | भानु नगरपालिका | तनहु |

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ५४. | सुन्दरबजार नगरपालिका | लमजुङ |
| ५५. | जैमिनी नगरपालिका | बागलुङ |
| ५६. | सिरानचोक गाउँपालिका | गोरखा |
| ५७. | चामे गाउँपालिका | मनाङ |
| ५८. | मादी गाउँपालिका | कास्की |
| ५९. | महाशिला गाउँपालिका | पर्वत |
| ६०. | मंगला गाउँपालिका | म्याग्दी |
| ६१. | लो-घेकर दामोदरकुण्ड गाउँपालिका | मुस्ताङ |
| लुम्बिनी प्रदेश | | |
| ६२. | शिवराज नगरपालिका | कपिलबस्तु |
| ६३. | शितगंगा नगरपालिका | अर्घाखाँची |
| ६४. | सरावल गाउँपालिका | नवलपरासी |
| ६५. | निस्दी गाउँपालिका | पाल्पा |
| ६६. | कालीगण्डकी गाउँपालिका | गुल्मी |
| ६७. | पुथा उत्तरगंगा गाउँपालिका | रुकुम (पुर्व) |
| ६८. | सरुमारानी गाउँपालिका | प्युठान |
| ६९. | दंगीशरण गाउँपालिका | दाङ |
| ७०. | नरैनापुर गाउँपालिका | बाँके |
| ७१. | बढैयाताल गाउँपालिका | बर्दिया |
| ७२. | रुन्टीगढी गाउँपालिका | रोल्पा |
| कर्णाली प्रदेश | | |
| ७३. | छायाँनाथ रारा नगरपालिका | मुगु |



सचिव

| क्र.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ७४. | तिलागुफा नगरपालिका | कालीकोट |
| ७५. | बागचौर नगरपालिका | सल्यान |
| ७६. | बीरेन्द्रनगर नगरपालिका | सुर्खेत |
| ७७. | आठबीस नगरपालिका | दैलेख |
| ७८. | नारायण नगरपालिका | दैलेख |
| ७९. | मुगुमकार्मारोङ गाउँपालिका | मुगु |
| ८०. | डोल्पो बुद्ध गाउँपालिका | डोल्पा |
| ८१. | मुड्केचुला गाउँपालिका | डोल्पा |
| ८२. | चंखेली गाउँपालिका | हुम्ला |
| ८३. | नाम्खा गाउँपालिका | हुम्ला |
| ८४. | कनकासुन्दरी गाउँपालिका | जुम्ला |
| ८५. | सानीभेरी गाउँपालिका | रुकुम (पश्चिम) |
| ८६. | कुमाख गाउँपालिका | सल्यान |
| ८७. | चौकुने गाउँपालिका | सुर्खेत |
| ८८. | कुसे गाउँपालिका | जाजरकोट |
| सुदुरपश्चिम प्रदेश | | |
| ८९. | गोदावरी नगरपालिका | कैलाली |
| ९०. | शिखर नगरपालिका | डोटी |
| ९१. | कृष्णपुर नगरपालिका | कञ्चनपुर |
| ९२. | मोहन्याल गाउँपालिका | कैलाली |
| ९३. | आदर्श गाउँपालिका | डोटी |
| ९४. | पूर्वीचौकी गाउँपालिका | डोटी |

| क्र.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ९५. | रामारोशन गाउँपालिका | अछाम |
| ९६. | हिमाली गाउँपालिका | बाजुरा |
| ९७. | मष्टा गाउँपालिका | बझाङ |
| ९८. | दोगडाकेदार गाउँपालिका | बैतडी |
| ९९. | शिवनाथ गाउँपालिका | बैतडी |
| १००. | बेलडाँडी गाउँपालिका | कञ्चनपुर |

सचिव

अनुसूची– २

दफा ६ खण्ड (घ) सँग सम्बन्धित

तथ्याङ्क सङ्कलनको नमूना ढाँचा

१. उधमीको नाम थरः

२. उद्यम/व्यबसायको नामः

३. सम्पर्क नं.

४. ठेगानाः

टोल/वडा नं. स्थानीय तहः गा.पा/न.पा जिल्लाः प्रदेश

५. कार्यक्रम सञ्चालन भएको विधि/प्रक्रियाः

६. महिला उधमीलाई आवश्यक सूचना तथा जानकारी उपलब्ध गराएको विवरणः (√ चिन्ह लगाउने)

- उद्योग/फर्म/वयवसाय दर्ता भएको नभएको

  भएको भए दर्ता भएको निकायः मितिः

- बित्तिय पहुँच/सहुलियतपूर्ण कर्जामा पहुँचः भएको नभएको
- बित्तिय पहुँच /सहुलियतपूर्ण कर्जा/कर छुट प्राप्त गरेको नगरेको
- सङ्घ, प्रदेश वा स्थानीय तहबाट उद्यम व्यवसाय स्थापना र सञ्चालन गर्न टेवा पुँजी प्राप्त गरेको नगरेको
- महिला उद्यमीले सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त हुने बारे जानकारीः भएको नभएको
- स्थानीय तहको श्रोत साधन वा कच्चा पदार्थको बारेमा सूचना तथा जानकारी भएको नभएको
- बजारमा पँहुच भएको नभएको
- स्वरोजगारी/रोजगारीको संख्याः
- गुणस्तर/लेवलिङ/प्याकेजिङ/ब्राण्डिङ्ग आदिको विषयमा जानकारी भएको नभएको
- मेला, प्रदर्शनीमा सहभागीता भएको नभएको
- अन्य ..............................................................

अनूसूची– ३

दफा ६ खण्ड (ङ) सँग सम्बन्धित

अभिमूखीकरण तालिम प्राप्त महिला उद्यमीको प्रतिवेदन ढाँचा

१. उद्यमशीलता/अभिमूखीकरणमा सहभागीहरुको विवरण :

| क.सं. | नाम थर | उद्यम/व्यवसायको नाम, ठेगाना | स्थायी ठेगाना (वडा नं. /स्थानीय तह/जिल्ला) | उमेर | जातजाती | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. सिकाई/सुझावहरुः

..................................................................

..................................................................

३. उपलब्धीः

..................................................................

..................................................................

४. निष्कर्षः

..................................................................

..................................................................

सचिव

## अनुसूची-४

दफा १२ र दफा १३ सँग सम्बन्धित

**कार्यक्रम सञ्चालन खर्च बाँडफाँड**

| सि.नं | क्रियाकलाप | इकाई | परिमाण | दर रू. | प्रति स्थानीय तह बजेट |
|---|---|---|---|---|---|
| १. | उद्यम बन्न इच्छुक तथा उद्यमी महिलाका लागि उद्यमशीलता विकास सम्बन्धी अभिमूखीकरण | पटक | १ | ११०००० | ११०००० |
| २. | सहजकर्ताका लागि सञ्चार (प्रति व्यक्ति ५००*१२ महिना) | जना | १ | ६००० | ६००० |
| ३. | कार्यान्वयन समितिको व्यवस्थापन खर्च | पटक | २ | ३५००० | ३५००० |
| ४. | तथ्याङ्क सङ्कलन, छपाई तथा अद्यावधिक | आवश्यकता अनुसार | | १०००० | १०००० |
| ५. | केन्द्रमा महिला उद्यमीबाट उत्पादित सामाग्रीको प्रदर्शनका लागि फर्निचर फिक्चर्स आदि | पटक | १ | ३९००० | ३९००० |
| | जम्मा स्वीकृत वार्षिक बजेट | | | | २००००० |

सचिव

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ४३।०८३
दर्ता मिति: २०८३।०६।२०

सचिव

**स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३**

स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३ रहेको छ ।

(२) यो कार्यविधि महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा संशोधनः** स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२ को दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) मन्त्रालयको वार्षिक कार्यक्रममा स्वीकृत भई वित्तिय हस्तान्तरण भएका अनुसूची-१ बमोजिमका स्थानीय तहमा कार्यक्रम सञ्चालन हुनेछ ।"

३. **स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२ को अनुसूची-१ मा संशोधनः** स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२ को अनुसूची-१ को सट्टा यसैसाथ संलग्न बमोजिमको अनुसूची-१ राखिएको छ ।

सचिव

# अनुसूची– १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## महिला उद्यमिशलता विकास सहजीकरण केन्द्र संचालनका लागि स्वीकृत १०० वटा स्थानीय तहको नामावलि

| क्र.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| १. | ईलाम नगरपालिका | इलाम |
| २. | मादी नगरपालिका | संखुवासभा |
| ३. | महालक्ष्मी नगरपालिका | धनकुटा |
| ४. | रंगेली नगरपालिका | मोरङ |
| ५. | सोलुदुधकुण्ड नगरपालिका | सोलुखुम्बु |
| ६. | कटारी नगरपालिका | उदयपुर |
| ७. | सिद्धिचरण नगरपालिका | ओखलढुङ्गा |
| ८. | रौतामाई गाउँपालिका | उदयपुर |
| ९. | चम्पादेवी गाउँपालिका | ओखलढुङ्गा |
| १०. | शम्भुनाथ नगरपालिका | ससरी |
| ११. | धनगढीमाई नगरपालिका | सिराहा |
| १२. | बलरा नगरपालिका | सर्लाही |
| १३. | कटहरीया नगरपालिका | रौतहट |
| १४. | गुजरा नगरपालिका | रौतहट |
| १५. | बौधीमाई नगरपालिका | रौतहट |
| १६. | माधवनारायण नगरपालिका | रौतहट |
| १७. | राजपुर नगरपालिका | रौतहट |
| १८. | पचरौता नगरपालिका | बारा |
| १९. | तिलाठी कोईलाडी गाउंपालिका | ससरी |
| २०. | बिष्णुपुर गाउँपालिका | ससरी |
| २१. | राजगढ गाउँपालिका | ससरी |
| २२. | महादेवा गाउँपालिका | ससरी |
| २३. | भगवानपुर गाउँपालिका | सिराहा |
| २४. | चक्रघट्टा गाउँपालिका | सर्लाही |
| २५. | चन्द्रनगर गाउँपालिका | सर्लाही |
| २६. | धनकौल गाउँपालिका | सर्लाही |
| २७. | धोबीनी गाउँपालिका | पर्सा |
| २८. | मन्थली नगरपालिका | रामेछाप |
| २९. | मेलम्ची नगरपालिका | सिन्धुलपाल्चोक |
| ३०. | बेलकोटगढी नगरपालिका | नुवाकोट |
| ३१. | माडी नगरपालिका | चितवन |
| ३२. | दोरम्बा गाउँपालिका | रामेछाप |
| ३३. | कालिन्चोक गाउँपालिका | दोलखा |
| ३४. | मेलुङ्ग गाउँपालिका | दोलखा |
| ३५. | जुगल गाउँपालिका | सिन्धुपाल्चोक |
| ३६. | आमाछोदिङमो गाउँपालिका | रसुवा |
| ३७. | ज्वालामूखी गाउँपालिका | धादिङ |

सचिव

| क्र.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ३८. | बेनीघाट रोराङ्ग गाउँपालिका | धादिङ |
| ३९. | रुवी भ्याली गाउँपालिका | धादिङ |
| ४०. | दुप्चेश्वर गाउँपालिका | नुवाकोट |
| ४१. | सुर्यगढी गाउँपालिका | नुवाकोट |
| ४२. | खानीखोला गाउँपालिका | काभ्रेपलान्चोक |
| ४३. | तेमाल गाउँपालिका | काभ्रेपलान्चोक |
| ४४. | भुम्लु गाउँपालिका | काभ्रेपलान्चोक |
| ४५. | बकैया गाउँपालिका | मकवानपुर |
| ४६. | मकवानपुरगढी गाउँपालिका | मकवानपुर |
| ४७. | इच्छाकामना गाउँपालिका | चितवन |
| ४८. | जैमिनी नगरपालिका | बागलुङ |
| ४९. | नेपालगञ्ज उपमहानगरपालिका | बाँके |
| ५०. | भुमिकास्थान नगरपालिका | अर्घाखाँची |
| ५१. | शितगंगा नगरपालिका | अर्घाखाँची |
| ५२. | सन्धिखर्क नगरपालिका | अर्घाखाँची |
| ५३. | मुसिकोट नगरपालिका | गुल्मी |
| ५४. | ठाकुरबाबा नगरपालिका | बर्दिया |
| ५५. | मधुवन नगरपालिका | बर्दिया |
| ५६. | सम्मरीमाई गाउँपालिका | रुपन्देही |
| ५७. | मायादेवी गाउँपालिका | कपिलवस्तु |
| ५८. | यसोधरा गाउँपालिका | कपिलवस्तु |
| ५९. | तिंनाउ गाउँपालिका | पाल्पा |
| ६०. | इस्मा गाउँपालिका | गुल्मी |

| क्र.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ६१. | माडी गाउँपालिका | रोल्पा |
| ६२. | सुनिल स्मृति गाउँपालिका | रोल्पा |
| ६३. | सरुमारानी गाउँपालिका | प्यूठान |
| ६४. | राजपुर गाउँपालिका | दाङ |
| ६५. | डुडुवा गाउँपालिका | बाँके |
| ६६. | राप्तीसोनारी गाउँपालिका | बाँके |
| ६७. | छायाँनाथ रारा नगरपालिका | मुगु |
| ६८. | खाँडाचक्र नगरपालिका | कालिकोट |
| ६९. | तिलागुफा नगरपालिका | कालिकोट |
| ७०. | आठबिसकोट नगरपालिका | रुकुम (पश्चिम) |
| ७१. | बनगाँड कुपिण्डे नगरपालिका | सल्यान |
| ७२. | छेडागाड नगरपालिका | जाजरकोट |
| ७३. | नलगाड नगरपालिका | जाजरकोट |
| ७४. | मुगुमकार्मारोंग गाउँपालिका | मुगु |
| ७५. | काईके गाउँपालिका | डोल्पा |
| ७६. | मुड्केचुला गाउँपालिका | डोल्पा |
| ७७. | चंखेली गाउँपालिका | हुम्ला |
| ७८. | कनकासुन्दरी गाउँपालिका | जुम्ला |
| ७९. | तिला गाउँपालिका | जुम्ला |
| ८०. | महावै गाउँपालिका | कालिकोट |
| ८१. | चिङ्गाड गाउँपालिका | सुर्खेत |
| ८२. | चौकुने गाउँपालिका | सुर्खेत |
| ८३. | शिवालय गाउँपालिका | जाजरकोट |

नि. सचिव

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ८४. | भगवतीमाई गाउँपालिका | दैलेख |
| ८५. | भैरवी गाउँपालिका | दैलेख |
| ८६. | घोडाघोडी नगरपालिका | कैलाली |
| ८७. | जयपृथ्वी नगरपालिका | बझाङ |
| ८८. | महाकाली नगरपालिका | दार्चुला |
| ८९. | दशरथचन्द नगरपालिका | बैतडी |
| ९०. | कृष्णपुर नगरपालिका | कन्चनपुर |
| ९१. | बेलौरी नगरपालिका | कन्चनपुर |
| ९२. | शुक्लाफाँट नगरपालिका | कन्चनपुर |

| क.सं. | स्थानीय तह | जिल्ला |
|---|---|---|
| ९३. | जोरायल गाउँपालिका | डोटी |
| ९४. | खप्तडछान्ना गाँउपालिका | बझाङ |
| ९५. | छबिसपाथिभेरा गाँउपालिका | बझाङ |
| ९६. | मालिकार्जुन गाउँपालिका | दार्चुला |
| ९७. | लेकम गाउँपालिका | दार्चुला |
| ९८. | डीलासैनी गाउँपालिका | बैतडी |
| ९९. | अजयमेरु गाउँपालिका | डडेलधुरा |
| १००. | बेलडाँडी गाउँपालिका | कन्चनपुर |

नि. सचिव